# नेपाल उद्योग वाणिज्य महासंघ

## Federation of Nepalese Chambers of Commerce & Industry

FNCCI

पत्र संख्या : (१२५)

२०७४/४/१९

श्री अध्यक्षज्यू,
सबै जिल्ला तथा नगर उद्योग वाणिज्य संघहरू ।

**बिषय : उद्योग वाणिज्य संघ समूहको रिक्त उपाध्यक्ष पदको निर्वाचन हुने सम्बन्धी सूचना ।**

यस महासंघको मिति २०७४।३।६ मा बसेको कार्यकारिणी समितिको दोश्रो बैठकबाट महासंघको विधान २०४९ को दफा ४६.३ (छ), महासंघको आचार संहिता २०६३ को नियम ३.११ र नियम ८ समेतको आधारमा रिक्त हुन गएको महासंघको कार्यकारिणी समितिको उपाध्यक्ष पद (उद्योग वाणिज्य संघ समूह) महासंघको विधान २०४९ (छैठौं संशोधन सहित) को दफा ५६.३ बमोजिम निर्वाचनबाट पदपूर्ति गर्ने गरी आवश्यक कारवाही अगाडि बढाउन सोही मितिको कार्यकारिणी समितिको वैठकको निर्णयले अख्तियारी दिए अनुसार रिक्त उपाध्यक्ष (उद्योग वाणिज्य संघ समूह) पदको निर्वाचन उद्योग वाणिज्य संघ समूहको मात्रै विशेष सभाबाट **यही २०७४ साल भाद्र १९ गते सोमवार विहान ११:०० बजे नेपाल उद्योग वाणिज्य महासंघको सचिवालय टेकु**मा हुन गइरहेकोले यो सूचना पठाएको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै उक्त उद्योग वाणिज्य संघ समूहको मात्रै विशेष सभाबाट उद्योग वाणिज्य संघ समूहको रिक्त उपाध्यक्ष पदको निर्वाचन हुने हुँदा सो प्रयोजनार्थ उम्मेदवारी मनोनयन, प्रतिनिधि पठाउने एवं नवीकरण गर्ने सम्बन्धी व्यवस्थाका सन्दर्भमा निम्न अनुसार व्यवस्था गरिएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

(क) उद्योग वाणिज्य संघ समूह तर्फ रिक्त उपाध्यक्ष पदको निर्वाचनमा उम्मेदवार खडा गर्ने जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघले वार्षिक सदस्यता शुल्क, प्रतिनिधि शुल्क एवं मनोनयन दर्ता उम्मेदवारी शुल्क सहित मनोनयन पत्र २०७४ भाद्र १२ गते बिहान ११:०० बजे भित्र महासंघको सचिवालय टेकुमा दर्ता गराइसक्नु पर्नेछ ।

(ख) उम्मेदवार खडा गर्ने जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघले मनोनयन पत्र साथ उम्मेदवार खडा गर्ने सम्बन्धी निर्णयको प्रमाणित प्रतिलिपि सहित मनोनयन पत्र र प्रतिनिधि पत्र साथ संलग्न गरी पठाउनु पर्नेछ ।

(ग) उपाध्यक्ष पदको निर्वाचनका लागि बोलाइएको उद्योग वाणिज्य संघ समूह क्षेत्रको विशेष सभामा मुख्य प्रतिनिधि १ जना मनोनयन गरी पठाउनु पर्नेछ । उक्त निर्वाचनमा सहभागी हुन जिल्ला/नगर उद्योग वाणिज्य संघको अध्यक्ष स्वयं मुख्य प्रतिनिधि रहनु पर्ने व्यवस्था रहेकोछ । अध्यक्ष स्वयं उपस्थित हुन नसक्ने अवस्थामा महासंघको विधान २०४९(छैठौं संशोधन सहित)को उपदफा २९.३ अनुसार कार्यसमितिले आफू मध्येबाट छानेको व्यक्तिले मुख्य प्रतिनिधिको रूपमा भाग लिने गरी भएको कार्यसमितिको निर्णयको प्रमाणित प्रतिलिपि सहितको प्रतिनिधि पत्र पठाउनु पर्नेछ ।

P.O. Box : 269, Shahid Shukra FNCCI Milan Marg, Pachali, Teku, Kathmandu, Nepal.
Tel. : 4262061, 4262218, 4266889
Cable : FEDERATION, Fax : 977-1-4261022, 4262007
E-mail : fncci@mos.com.np

पो.ब.नं. २६९, शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, पचली, टेकु, काठमाडौं, नेपाल
टेलिफोन : ४२६२०६१, ४२६२२१८, ४२६६८८९
तार : फेडरेशन
फ्याक्स : ९७७-१-४२६१०२२, ४२६२००७
इ-मेल : fncci@mos.com.np

STOP Child Labour

http://www.fncci.org

उम्मेदवार मनोनयन गरेका संघले उम्मेदवारलाई समेत प्रतिनिधिमण्डलमा समावेश गरी पठाउनु पर्नेछ ।

(घ) उपाध्यक्ष पदमा उम्मेदवार खडा नगर्ने जिल्ला तथा नगर उद्योग वाणिज्य संघहरूले आ.व. २०७४।०७५ सम्मको वार्षिक सदस्यता शुल्क, प्रतिनिधि शुल्क २०७४ भाद्र १८ गते साँझ ६:०० बजे भित्र महासंघको सचिवालयमा बुझाई सक्नु पर्नेछ । उम्मेदवार खडा गर्ने सदस्यले संघको हकमा मनोनयन शुल्क सहित यी सबै शुल्क २०७४ भाद्र १२ गते भित्र बुझाइसक्नु पर्ने छ । यस प्रकार शुल्क प्राप्त नभएका जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघबाट मनोनयन भएका उम्मेदवारको मनोनयन पत्र वैधानिक मानिने छैन ।

(ङ) सभामा भाग लिने प्रतिनिधिको लागि प्रतिनिधि शुल्क वापत प्रति व्यक्ति रु. २,०००। (अक्षरेपी दुई हजार रुपैयाँ) बुझाउनु पर्नेछ ।

(च) उपाध्यक्ष पदमा उम्मेदवार खडा गर्ने जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघले उम्मेदवार शुल्क वापत रु. १,५०,०००। (अक्षरेपी एक लाख पचास हजार रुपैयाँ) शुल्क मनोनयन पत्र साथ बुझाउनु पर्नेछ ।

मनोनयन हुने उपाध्यक्ष पदको उम्मेदवारको लागि आवश्यक योग्यता सम्बन्धमा महासंघको विधान २०४९ (छैठौं संशोधन सहित) को उपदफा ४६.१ बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

उपरोक्त अनुसारको व्यवस्था सहित उल्लेखित मिति, समय भित्र प्रतिनिधि पत्र, प्रतिनिधि शुल्क, मनोनयन पत्र, मनोनयन शुल्क, वार्षिक सदस्यता शुल्क पठाउने व्यवस्था सहित उद्योग वाणिज्य संघ समूहको मात्रै विशेष सभाबाट हुने उपाध्यक्ष पदको निर्वाचनको कार्यक्रममा सहभागिताको व्यवस्थाको लागि अनुरोध गर्दछु ।

( सुरेश मान श्रेष्ठ )
महासचिव

**बोधार्थ** :

श्री अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री निवर्तमान अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री विशिष्ट सदस्य एवं पूर्व अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री वरिष्ठ उपाध्यक्षज्यू, उपाध्यक्षज्यूहरू एवं कोषाध्यक्षज्यू, नेउवामहासंघ ।
श्री कार्यकारिणी समितिका सदस्यज्यूहरू, नेउवामहासंघ ।